Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## राष्ट्रिय वाणिज्य बैंक: प्रमुख कार्यकारी अधिकृत श्रेष्ठद्वारा पदभार ग्रहण

चैत २९ , २०७२

राष्ट्रिय वाणिज्य बैंकमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकमा आयोजित एक विशेषःकार्यक्रमका बीच पदभार ग्रहण गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले देशको ठूलो र पूर्ण सरकारी राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी पदको जिम्मेवारीलाइ राष्ट्र र जनताको सेवा गर्ने एक महत्वपूर्ण अवसरको रुपमा सदुपयोग गर्ने प्रतिवध्दतासहित देशको आर्थिक सामाजिक रुपान्तरणमा यस बैंकको भूमिका अभिवृध्दि निम्ति आफूले पेश गरेको व्यावसायिक योजना वमोजिम अघि बढ्ने र यस पुनित कार्यमा सम्वध्द सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास प्रकट गर्नु भयो । बैंकका उच्चस्तरका प्रवन्धकहरुको सहभागिता रहेको उक्त कार्यक्रममा नायव महाप्रवन्धक विष्णु प्रसाद वैद्यले बैंकको समग्र अवस्थाबारे संक्षिप्त जानकारी सहित बैंक परिवारको तर्फबाट स्वागत मन्तव्य दिनुभएको थियो भने नायव महाप्रवन्धक भुपेन्द्र पाण्डेले बैंक सामु रहेका चुनौती तथा अवसरबारे प्रकाश पार्नुभएको थियो ।

वि.सं. २०१३ मा चैनपुर नगरपालिका वडा नं १० संखुवासभामा जन्मी त्रिविविबाट जन प्रशासनमा स्नातकोत्तर उपाधी हासिल गर्नुभएका श्रेष्ठले यस अघि नेपालको अगुवा बैंक नेपाल बैंक लिमिटेडमा महाप्रवन्धकको जिम्मेवारीको ( २०६९ देखि २०७१ ) अनुभव संगाल्नुभएको छ।  स्मरण रहोस् श्री श्रेष्ठ राष्ट्रिय वाणिज्य बैंकमा खुल्ला प्रतिष्पर्धाबाट नियुक्त हुने दोश्रो प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ। यस अघि खुल्ला प्रतिष्पर्धाबाट नियुक्त राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माको पुस २१ गते ४ वर्षको कार्यकाल पूरा हुनु पूर्व पुस २० गते नेपाल सरकार अर्थ मन्त्रालयका अर्थ सचिव कृष्ण प्रसाद देवकोटाको अध्यक्षतामा रावावैक संचालक समितिका सदस्यद्वय निर्मलहरि अधिकारी र वटुक नाथ ढकाल तथा विज्ञहरु महाप्रसाद अधिकारी र विमल वाग्ले सम्मिलित प्रमुख कार्यकारी अधिकृत छनोट समिति गठन भएको थियो। रावावैक प्रमुख कार्यकारी अधिकृत छनोट समितिले प्रकाशित गरेको विज्ञापन वमोजिम सर्वश्री डा.धमान सिंह खड्का, रामदेव यादव,अनिल कुमार उपाध्याय,भेषराज पन्थी,शालिग्राम वाग्ले,सुरेन्द्र कुमार वजिमयो,कृष्णप्रसाद शर्मा,कविराज अधिकारी,भुपेन्द्र पाण्डे,किरण कुमार श्रेष्ठ,सुन्दरराम बोहरा ,कृष्णकुमार भट्टराई,अशोक कुमार खड्का,गोपीकृष्ण न्यौपाने,कृष्ण प्रसाद आचार्य,सुमन न्यौपानेले आवेदन दिनुभएकोमा सर्वश्री किरण कुमार श्रेष्ठ, कृष्ण प्रसाद आचार्य , कृष्णप्रसाद शर्मा,अनिल कुमार उपाध्याय,भेषराज पन्थी संक्षिप्त छनोटमा पर्नुभएको थियो ।

**Release April 11, 2016**